"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"

# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**DHARAN SUB-METROPOLITAN CITY**
**OFFICE OF THE MUNICIPAL EXECUTIVE**

सुनसरी, १ नं. प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal

शिक्षा, युवा तथा खेलकुद ............................ महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :- ०७९/०८०
चलानी नं. :- ८६४०

मितिः २०७९।१०।१३

**पूर्व प्राथमिक कक्षा सञ्चालन तथा कक्षा थप अनुमतिका लागि आवेदन पेस गर्ने सम्बन्धी धरान उपमहानगरपालिकाको सूचना !**

विगत वर्षमा अनुमति लिई धरान उपमहानगरपालिकाभित्र सञ्चालनमा रहेका सामुदायिक तथा संस्थागत विद्यालयहरुले शैक्षिक सत्र २०८० देखि कक्षा थप गरी विद्यालय सञ्चालन गर्न चाहेमा नयाँ विद्यालय स्थापना (कक्षा १) बाहेकका अन्य कक्षा थप गर्न, कक्षा ११-१२ को अनुमति लिई सञ्चालनमा रहेका विद्यालयहरुलाई विषय थप गर्न र पूर्व प्राथमिक कक्षा सञ्चालन गर्न चाहनेले मौजुदा संघीय शिक्षा ऐन २०२८ (संशोधन सहित) तथा शिक्षा नियमावली २०५९ (संशोधन सहित) बमोजिमका पूर्वाधारहरु पूरा गरी देहायका कागजातहरुसहित मिति २०७९ माघ २९ गतेभित्र अनुमतिका लागि धरान उपमहानगरपालिका , शिक्षा युवा तथा खेलकुद महाशाखामा आवेदन पेस गर्नु हुन यस कार्यालयको मिति २०७९/१०/१३ को निर्णय (नगर प्रमुख स्तरीय) अनुसार यो सूचना प्रकाशित गरिएको छ ।

<u>आवेदन फारामसँग संलग्न गर्नुपर्ने कागजातहरु:</u>

- विद्यालय प्रस्तावना पत्र,
- सम्बन्धित वडाको सिफारिस पत्र,
- विद्यालय व्यवस्थापन समितिको निर्णय प्रतिलिपि,
- सबैभन्दा नजिकमा रहेका अनुमति प्राप्त २ वटा विद्यालयहरुको सहमति पत्र,
- तोकिएको योग्यता पूरा भएका शिक्षकहरुलाई नियमानुसार नियुक्ति गरिएको पत्र र शैक्षिक योग्यता र अध्यापन अनुमति पत्रको प्रमाणित प्रतिलिपि,
- स्वीकृत लेखापरीक्षकबाट आय व्यय लगायतका विद्यालयको हर हिसाब परीक्षण गरिएको पछिल्लो वर्षको लेखापरीक्षण प्रतिवेदन,
- विद्यालयले निर्धारण गरेको कक्षागत शुल्क विवरण (वि.व्य.स. को निर्णय प्रतिलिपिसहित),
- माग गरिएको भन्दा तल्लो कक्षाको कक्षागत /तहगत अनुमति वा स्वीकृति पत्रको प्रमाणित प्रतिलिपिहरु,
- पूर्व प्राथमिक विद्यालयको हकमा भवन, खेल मैदान सम्बन्धी प्रमाण, कागजात र विवरण,
- उपमहानगरपालिकाले तोकेको आवेदन दस्तुर जम्मा गरेको भौचर ।

"शिक्षा, स्वास्थ्य, पर्यटन तथा व्यापारिक पूर्वाधार, बहुसांस्कृतिक, आवासीय समृद्ध शहर"
# धरान उपमहानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
DHARAN SUB-METROPOLITAN CITY
OFFICE OF THE MUNICIPAL EXECUTIVE
सुनसरी, प्र.नं. १ प्रदेश, नेपाल
Sunsari, Province No. 1, Nepal

शिक्षा, युवा तथा खेलकुद ............ महाशाखा / शाखा / उपशाखा

पत्र संख्या :- ०७९/०८०
चलानी नं. :- ४६७०

संस्थागत विद्यालयका लागि आवश्यक थप कागजातहरु:

- कम्पनी रजिष्ट्रारको कार्यालयमा दर्ता भएको वा गुठी सञ्चालन गर्ने भए गुठी दर्ता प्रमाणपत्रको प्रतिलिपि,
- कम्पनी वा गुठीको प्रबन्ध पत्र र नियमावली,
- संस्थापक र प्रिन्सिपलको शैक्षिक योग्यता र नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,
- जग्गा वा भवन भाडामा लिने भए कम्तीमा ५ वर्षसम्मको लागि घर वा जग्गा धनीले बहालमा दिने सम्बन्धमा भएको कबुलियतनामा सम्बन्धी पत्र,
- आ. व. २०७८/०७९ को कर बुझाएको प्रमाणको प्रमाणित प्रतिलिपि,
- कम्पनी अद्यावधिक भएको पत्र ।

..........................
रमेश कुमार शाह
शाखा अधिकृत

बोधार्थः
श्री नगर प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।
श्री नगर उप-प्रमुखज्यूको सचिवालय, धरान उपमहानगरपालिका : जानकारीका लागि ।
श्री सूचना शाखा, धरान उपमहानगरपालिका- सूचना **Website** मा राखिदिनु हुन ।